(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर, काठमाडौंबाट प्रकाशित )

जि.प्र.का.दर्ता न ५८/२०६३

# सहिद साप्ताहिक

SAHID WEEKLY

## कीर्तिपुरमा खानेपानीको समस्या

### के मेलम्चीको पानी कीर्तिपुरमा वितरण हुन्छ ?

### खानेपानीको समस्या र समाधानबारे के गर्नुपर्ला ?

प्रतिक्रिया दिनुहुन अनुरोध छ ।

kipushahid@gmail.com

वर्ष १५, अंक ९, पृष्ठ-६ नेसं. ११३८ अनला गा:, तृतीया, वि. सं. २०७५ जेठ १८ गते शुक्रबार JUN. 2018 मूल्य रू. ५।-

## भारतको स्वार्थ पूरा गर्न एमाले र माओवादी मिलाइएका हुन् : अध्यक्ष रोहित




काठमाडौं । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भारतले नै एमाले र माओवादी दुई पार्टी मिलाएको बताउनुभएको छ ।

कार्ल मार्क्सको दुई शतवार्षिक जन्म दिवसको अवसरमा पार्टी काठमाडौं जिल्ला समितिले काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै अध्यक्ष रोहितले भारतीय स्वार्थमा जे गरेर पनि एमालेलाई सही गराउन माओवादीसँग मेल गराएको बताउनुभयो ।

उहाँले दुई पार्टी मिल्नुमा अर्को एउटा कारणसमेत भएको भन्दै उल्लेख गर्नुभयो, 'प्रचण्डलगायतका नेताहरूलाई आफ्नै मानिसबाट मारिने डर छ । सुरक्षाको निम्ति पार्टी एकता गरिएको हो ।' क्रान्तिको नाममा माओवादी नेताहरूले धोका दिएकोमा कार्यकर्ता रूष्ट रहेको उहाँको भनाइ थियो ।

अध्यक्ष रोहितले नेपाल कम्युनिष्ट पार्टी नामको पार्टी कुनै हिसाबमा कम्युनिष्ट नभएको उल्लेख गर्दै ती पार्टीहरू पटक पटक सरकारमा गएर पनि मजदुर र किसानको हितमा केही काम नगरेको धारणा राख्नुभयो ।

उहाँले लगानी बोर्ड नेपालको संसद, सरकार र योजना आयोगभन्दा माथि बस्न थालेको उल्लेख गर्दै अब नेपालका नदीनाला सबै विदेशी कम्पनीको हातमा जाने खतरा भएको बताउनुभयो ।

भारतीय प्रमको नेपाल भ्रमणको क्रममा भारतीय कमाण्डोहरूको प्रयोग आपत्तिजनक भन्दै मोदीको भ्रमण कुनै पनि बेला नेपालमाथि आक्रमण गर्न नाडी छामेको उल्लेख गर्नुभयो ।

सरकारको नीति तथा कार्यक्रमबारे टिप्पणी गर्दै नेमकिपाका अध्यक्ष रोहितले नीति तथा कार्यक्रममा कुनै नयाँपन नभएको विचार राख्नुभयो । उहाँले थप्नुभयो, यो सरकारबाट कुनै नयाँ नीति तथा कार्यक्रम आउँछ भन्ने कल्पनाभन्दा बाहिरको कुरा हो ।

कार्ल मार्क्सबारे आफ्नो विचार राख्दै अध्यक्ष रोहितले मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्त नआएसम्म शोषण कसरी हुन्छ भन्ने प्रस्ट नभएको विचार राख्नुभयो ।

उहाँले उत्पादनका साधनहरू सामाजिकीकरण नगरिएसम्म पुँजीवादी व्यवस्थामा आर्थिक सङ्कट आइरहने बताउनुभयो । उहाँले पुँजीवादी व्यवस्था पनि नटिक्ने भन्दै मजदुर वर्ग शिक्षित हुँदै गएपछि क्रान्ति हुन्छ भन्नुभयो ।

कार्ल मार्क्सले जस्तो दु:ख पाए पनि शत्रुसामु नझुकेको उल्लेख गर्दै थप्नुभयो, 'दु:ख हुन्छ, निराश हुने होइन । जतिसुकै अन्धकार भए पनि उज्यालो त हुन्छ नै ।'

प्रशिक्षणमा नेमकिपाका केन्द्रीय सदस्य एवम् नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाईले मार्क्सवादी दर्शन, नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवम् प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले संसदमा नेमकिपाको भूमिका, वैकल्पिक केन्द्रीय सदस्य एवम् प्रदेशसभा सदस्य सृजना सैंजूले मार्क्सवादी अर्थशास्त्र, वैकल्पिक केन्द्रीय सदस्य राजेन्द्र चवालले दुई शताब्दी अगाडिको युरोपको राजनीतिक परिस्थिति र नेपाल प्राध्यापक समाजका केन्द्रीय सदस्य सुनिल

क्रमश: पृष्ठ ४ मा

## दृष्टिविहीनहरूको गायन



काठमाडौं । दृष्टिविहीनहरुको रोजगारीको क्षेत्र बनेको छ, गायन । काठमाडौं राजधानीको रत्नपार्क, जमल, कोटेश्वर, बानेश्वरलगायतका मुख्य सडकमा दृष्टिविहीनहरुको गायनले मख्ख परेर गीत सुन्नेहरुको भीड लागेको छ ।

दृष्टिविहीनहरुको मीठो स्वर सुन्ने र गच्छे अनुसार सहयोग प्रदान गर्ने कार्यबाट दृष्टिविहीनहरुपनि प्रोत्साहित भएका छन् । एउटा स्पिकर र माइक्रोफोनबाट ट्रायकमा गीत गाएर उनीहरुले आफ्नो जीविका चलाइरहेका छन् । दृष्टिविहीनले आफ्नो गायन प्रतिभा र केही आर्थिक आर्जन गर्न अन्यत्र स्थानमा घुमफिर गर्न थालेका छन् । कीर्तिपुरको नयाँबजारमा पनि दृष्टिविहीनहरुको स्वर गुन्जिरहेका छन् ।

दृष्टिविहीनहरु यसरी सक्षम गायक बनेका पुरुष या महिलालाई सरकारबाट संरक्षण गरी आवश्यक व्यवस्था गरिदिएमा दृष्टिविहीनहरु सडकमा माग्ने गायक नबनी सम्मानित गायक बन्न सफल हुनेछन् ।

## नेपाल टेलिकमको सिम सित्तैमा




कीर्तिपुर । नेपाल टेलिकमले विद्यार्थीहरुलाई लक्षित गरी सित्तैमा सिमकार्ड वितरण गरिरहेको छ ।

कीर्तिपुरस्थित सोह्र खुट्टेपाटीमा सिम कार्डको फर्म भर्नेहरुको भीड लागेको छ ।

नेपाल टेलिमकको फर्ममा एउटा फोटो र विद्यार्थी परिचयपत्र राखी फर्म भरेमा तत्कालै सिम कार्ड उपलब्ध गराउँछ ।

एजेन्सीमार्फत् गरिरहेको सिमकार्ड वितरणमा दैनिक ५०० वटा सिम वितरण गरिहेको सम्बन्धित कर्मचारीले सहिदलाई बताएको छ ।

सो सिममा फ्रि-टक टाइम, फ्रि-एसएमएस र फ्रि-डाटा रहेको सेवा उपलब्ध छ ।

## कीर्तिपुर नपाको एक वर्ष: अव्यवस्थित नगर कार्यालय





कीर्तिपुर । कीर्तिपुर नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरु वहाली भएको एक वर्ष पुगेको छ । जेठ १० गते एक कार्यक्रम गरी नगरपालिकाको एक वर्षको प्रगति विवरण पनि सार्वजनिक गरिसकेको छ ।

३४ बुँदे उपलब्धी, स्थानीय आवश्यकता अनुसार ऐन बनेको र न्याय समितिबाट न्याय दिएको, भौतिक निर्माण र कुल बजेटको ८५ प्रतिशत खर्च भएको सार्वजनिक गरेको थियो ।

कीर्तिपुर नगरपालिकामा तत्कालीन नेकपा एमालेका प्रमुख, उपप्रमुखसहित ७ वडामा विजयी भएको थियो भने नेपाली काँग्रेसले ३ वटा वडामा विजयी भई कार्य सम्पादन गरेको थियो ।

कीर्तिपुर नगरपालिका हाल कीर्तिपुरको देवढोकामा रहेको छ । सयौं जना सेवाग्राही नगरपालिका पुगिरहेका हुन्छन् । त्यति मात्र होइन देशी-विदेशी गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु विभिन्न कामले पुगिरहेका हुन्छन् । नगरपालिका आफैले पनि निमन्त्रणा गरी सर्मद्ध कीर्तिपुर बनाउने प्रयास गरिरहेका होलान् ।

तर कीर्तिपुर नगरपालिकामा पुग्ने जो कोहीलाई पनि नगरपालिका कक्ष जाँदा बाटोमा फोहोरले स्वागत गरिरहेको, मोटरसाइकलले बाटो छेकेको, खानेपानी ट्याङ्की र यत्रतत्र छरिएका न्याक पाइनेछ । सोधपुछ शाखाको बाटोमा कागजको डुँगुर, भित्तेपाटी छ तर नयाँ नोटिस सबै भवनको भित्ता र खम्बामा टाँसी फोहोर बनाइएको छ ।

नगर परिसरमा एम्बुलेन्स, रोलर, मिनी ट्रिपर, जिप कवाडी गाडि यत्रतत्र छरिएका छन् । सार्वजनिक जमिन ओगटिरहेका छन् ।

कीर्तिपुर नगरपालिकामा जनप्रतिनिधि आउनु अघिका कागजका फोहोर, साँघुरो बाटो एक वर्ष बित्दा पनि किन तह लगाउन सकिएन ? अझ कवाडी गाडि त १०-१५ वर्ष अघिदेखि नै थन्किएका थिए । विकासका कार्यहरुको प्रगतिमा आफ्नै कार्यालय र कार्यालय परिसर सफा सुघर भएको भए नगरपालिकाको शान बढ्थ्यो कि ? सम्बन्धित निकायले ध्यान दिनु जरुरी देख्दछ ।

## महापरित्राण श्रीकीर्ति विहारमा सम्पन्न

कीर्तिपुर । नगर मण्डप श्रीकीर्ति विहार नयाँबजार कीर्तिपुरमा जेठ १४ गते विहार परिसरमा महापरित्राण सम्पन्न भयो ।

नगरमण्डप श्रीकीर्ति विहार स्थापना कालदेखि महत्वपूर्ण योगदान गरी स्वर्गवास हुनुभएका सुदर्शन महास्थविर भन्ते, कीर्ति ज्योति भन्ते, पञ्चाकीर्ति भन्ते, धर्म कीर्ति भन्ते लगायत दिवंगत उपासक, उपसिकाको स्मृतिमा सो महारित्राण गरेको हो ।

कार्यक्रममा विहान बुद्ध पूजा, शिल प्रार्थना गरी सुरु भएको परित्राणमा कौण्डण्य भन्तेले धर्मदर्शना गरेको थियो ।

सामुहिक महापरित्राण गरी युगल पाठ समेत गरेको सो कार्यक्रममा भन्ते गुरुमा, उपासक उपासिका सबैलाई भोजन र दान प्रदान समेत गरेको थियो ।

## ऐतिहासिक जनअन्दोलन २०४६ चैत्र २० गते शहादत अमर सहिद



लनबहादुर महर्जन वि सं. २००६ माघ | हिराकाजी महर्जन वि सं. २०१७ माघ | राजमान माली वि सं. २०२५ मंसिर | राजेन्द्र महर्जन वि.सं. २०३० चैत


# सहिद साप्ताहिक

**वर्ष १५, अंक ९, २०७५ जेठ १८ गते शुक्रबार**

**शंखापुर प्रकाशन समूहको लागि**

सम्पादक/प्रकाशक: नारायण महर्जन

कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप

सम्पर्क कार्यालय: जहुँ हिटी युवा क्लव - ११

पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२

E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com

www.kipushahid.blogspot.com

मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं


## सम्पादकीय...

## कम्यूनिष्टहरूले अपराधीलाई माफी ?

*संसारमा सबैभन्दा राम्रो व्यवस्था कम्यूनिष्ट शासन व्यवस्था हो। विश्वमै कम्यूनिष्ट शासन प्राप्तिको लागि कम्यूनिष्ट पार्टीहरु स्थापित गरी संघर्षको मैदानमा लागेका छन्।*

*कम्यूनिष्ट शासन भएका देशहरु समाजवादी चीन, उत्तर कोरिया, क्यूवा आज विश्वकै लागि एउटा उदाहरणीय देश बनी अगाडि बढिरहेको छ।*

*कम्यूनिष्ट देशमा देश र जनताको हित विपरीत अपराध गरेमा, सार्वभौमिकता माथि आँच आउने गतिविधि गरेमा र भ्रष्टाचार गरेमा अदालतको आदेशानुसार मृत्युदण्ड समेत दिने गरेको छ।*

*अपराध गर्नेलाई छुट दिने काम असल शासन व्यवस्थामा हुँदैन। तर नेपालमा जति अपराध उति नै सम्मान गरिएको छ।*

*हिजो भ्रष्टाचारको अभियोगमा तत्कालीन गृहमन्त्री खुमबहादुर खड्कालाई अदालतको आदेशमा भ्रष्टाचार ठहर गरी जेल चलान गरिएको थियो तर सरकारले जेल मुक्त गरेपछि १६ किलोको माला लगाई स्वागत गरे भने अहिले जन्म कैदको सजाय भोगिरहेका माओवादी नेता बालकृष्ण ढंगेललाई नेपाल कम्यूनिष्ट पार्टीको तीन तिहाईको बहुमतको सरकारले आम माफी दिएका छन्। गणतन्त्र दिवसको अवसरमा कैद मिनाहा गरी रिहा गर्ने परम्परा अनुसार ८०० भन्दा बेसी रिहा मध्ये ढुंगेल पनि रिहा भएका छन्।*

*ढुंगेलको रिहाईको विरुद्ध सर्वोच्चमा रिट हालेपनि अदालतले अन्तरिम आदेश जारी नगरी माफीलाई सदर गरेको छ।*

*देशको सर्वोच्च कानूनी संरचनामा अब सरकारले जे गऱ्यो त्यही कार्यान्वयन हुने हो भने राजनीतिक संरक्षणमा धेरै अपराधहरु बढ्नेछन्, राजनीतिक संरक्षकका डनहरु बढ्ने छन्। नेपाल स्थिर सरकारमा अस्थिर राजनीतिको बिगाबिगी हुनेछ।*


**वर्डफ्लुको खतराबाट जोगिन हामी सबै सर्तक र सचेत होऔं।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना विभाग**


# मोदीको राजनैतिक पथ र भाग्य पनि हिटलर र मुसोलिनिकै पथ हो

- सुरेन्द्रराज गोसाईं

समाजवादका सच्चा अनुयायीहरू कार्ल मार्क्सले देखाउनुभएको बाटो रोज्छन्, बर्नस्टिन र गोर्वाचोभको होइन। पूँजीवादी अर्थनीतिमात्र होइन शोषणमा आधारित सिङ्गो पूँजीवादी शासन व्यवस्थाविरुद्ध कार्ल मार्क्सले धावा बोल्नुभयो र एउटा न्यायपूर्ण, वर्गविहीन तथा शोषणविहीन आदर्श समाज यो धर्तीमा सम्भव छ भन्ने सन्देश प्रवाहित गर्नुभयो। ती नै विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सको दुई शत्वार्षिकी गत मई ५ को दिन विश्वभरि मनाइयो र मनाउने क्रम अझै जारी छ। आज विश्वका संवेदनशील समुदाय फेरि मार्क्स पढ्दै छन् र बुझ्दै छन्। मार्क्सको 'पूँजी' को चर्चा परिचर्चा फेरि व्यापक बनेको छ।

यस गरिमामय सदनमा बारम्बार समाजवाद, समाजवादउन्मुख र समाजवादी अर्थनीतिबारे उल्लेख भइरहेको सन्दर्भमा कार्ल मार्क्सको स्मरण गर्न चाहन्छु र दुई सय वर्षमात्र होइन युग-युगसम्म बाँचिरहने दृढ विश्वास व्यक्त गर्दछु। कार्ल मार्क्सप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिरहँदा म सम्झन्छु कि नब्बेको दशकमा समाजवादको पतन र मार्क्सवाद म्याद नाघिसकेको घोषणा गर्दै इतिहासको अन्त्य भयो भनी पूँजीवादी चिन्तकहरू खुब हाँसेका थिए, उत्सव मनाएका थिए। तर आज तिनीहरूको हाँसो रुवाबासीमा परिणत हुँदैछ। मार्क्सवाद चिहानबाट फर्केर पूँजीपतिहरूको लूटको स्वर्गमाथि अन्तिम धावा बोल्दैछ। कार्ल मार्क्सले अनुमान गर्नुभएझैँ विश्व पूँजीवाद महासङ्कटमा फसिरहेको छ र मृत्युशैय्यामा छट्पटाइरहेको छ।

मुखले मार्क्सवाद, समाजवाद भन्ने तर काम र व्यवहारमा पूँजीपति वर्गको सेवा गर्ने, एकाधिकार पूँजीकै दलाली गर्ने र साम्राज्यवादीहरूको अगाडि घुँडा टेक्नेहरूको नेपालमा यतिखेर बिग्बिगी छ। समाजवादको खोल ओढेर नवउदारवादी अर्थनीति अवलम्बन गर्नु, निजीकरणलाई प्राथमिकताका साथ अगाडि बढाउनु, बहुराष्ट्रिय कम्पनीहरूको दलाली गर्नु, भूमण्डलीकरणको अन्ध समर्थन गर्नु पाखण्ड हो। यो मार्क्सवादप्रतिको विश्वासघात हो र गम्भीर सैद्धान्तिक विचलन हो। पूँजीपतिहरूले फालेका हाडखोरमा रमाउनु, केही अवसर, केही सुविधा र सहुलियत पछाडि एक हात लामो ऱ्याल चुहाई दौडिनु र त्यसैलाई नै अन्तिम गन्तव्य सम्झिनु संसदवाद हो, दक्षिणपन्थी अवसरवाद हो। त्यस्तो प्रवृत्ति वामपन्थी नाउँको सरकारले देखाओस् या अरु कसैले, त्यो जनताप्रतिको विश्वासघात हो।

विश्व सर्वहारा वर्गका महान गुरु कार्ल मार्क्सले हामीलाई रगतको अन्तिम एक थोपा बाँकी भएसम्म सिद्धान्त, विचार, आस्था र वैज्ञानिक समाजवादको पक्षमा लड्न अभिप्रेरित गर्नुभएको कुरा आजको दिनमा सम्झनु झन सान्दर्भिक छ। सिद्धान्तहीन एकताभन्दा फूट कैयौं गुना राम्रो हुन्छ भन्ने भनाइ लामो अनुभवपश्चात्को सार हो।

यदि हामीसँग शब्द र व्यवहार दुबैले समाजवादतर्फ उन्मुख हुने हिम्मत र सोच छ भने केही आधारभूत कार्य हामी थाल्न सक्छौं। यसको निम्ति केन्द्र र स्थानीय सरकारसँग समन्वय निश्चय पनि आवश्यक हुनेछ -

१) बजेट विनियोजन गरिरहँदा वास्तविक अर्थमा पारदर्शी र व्यवहारिक रुपमा मितव्ययी बन्नुपर्नेतर्फ अहिले पनि यथोचित ध्यान पुऱ्याउन सकेनौं भने ठूलो दूर्भाग्य हुनेछ। राज्यको ढुकुटी रित्त्याउनु नै पौरख ठान्ने र ब्रम्हलूट मच्चाउनुमै पुरुषार्थ देख्ने प्रवृत्ति त्याग्ननसके यो प्रदेश पनि कलङ्कित बन्नेछ। यतातर्फ ध्यानाकर्षण गर्दछु।

२) सङ्घीयताको प्रारम्भिक अनुभव त्यति सुखद् हुन नसकेको यथार्थबोध आज हामी गर्दैछौं। हालैमात्र एउटा प्रदेशमा तीर्थयात्रामा आएको पाहुनाको नाउँमा करोडौं करोड खर्च गरियो। राष्ट्रिय सम्पत्तिको अत्यधिक दुरुपयोग गरियो। यदि हामी जनताप्रति उत्तरदायी छौं भने त्यस्तो गल्ति भोलि हाम्रो प्रदेशमा हुन नदिनेतर्फ सजगता अपनाउन आवश्यक छ। मुखले गणतन्त्र भन्ने तर व्यवहारमा नयाँ धर्मान्ध राज बन्ने र बनाउने ढोङ्गी कोही नबनौं। जनताको करबाट उठेको एक रुपैयाँमात्र पनि दुरुपयोग गर्नु हाम्रो जस्तो देशको निम्ति अपराध हुन्छ। हामी पाहुनाको स्वागतमा झाडु लगाउँदै हिंड्ने, ठूलो रकम खर्च गरेर रातो कार्पेट ओछ्याउने अनि उता भारतीय सेना यहाँ हाम्रो माटोमा मार्च गर्ने, गस्ती गर्ने र यो कस्तो राष्ट्रवाद ? यो कस्तो मालिकभक्ति ? यो कस्तो मित्रता ? व्यक्तिगत धार्मिक आस्थाको निम्ति राज्यको ढुकुटी स्वाहा पार्ने यो कस्तो गणतन्त्र, कस्ता गणतन्त्रवादी ? यस्तो विराम हामी फेरि हाम्रो प्रदेशमा नदोहोऱ्याऔं।

३) नगर र गाउँका प्रत्येक वार्डमा शिशु-स्याहार तथा बालोद्यानको बन्दोबस्त गरी बालबालिकाको सुरक्षित तथा सभ्य हुर्काइको प्रत्याभूति दिन सकिन्छ। साथै महिला र आमाहरूलाई श्रम-शक्तिमा तुरुन्तै रुपान्तरण गर्न सकिनेछ।

४) शिशु एवं बाल स्वास्थ्य र महिला स्वास्थ्यमा विशेष जोड दिँदै तीसँग सम्बन्धित नीति तर्जुमा गर्न आवश्यक छ।

५) हरेक प्रदेशमा कमसेकम एउटा-एउटा आधुनिक सुविधा सम्पन्न 'वीर अस्पताल' बनाइएमात्र जनतालाई समयोचित स्वास्थ्य सुविधा प्रदान गर्न सकिनेछ।

६) प्राविधिक जनशक्ति तथा शैक्षिक जनशक्तिको अभावमा समृद्धि त के सामान्य विकास या परिवर्तन पनि टाढाको विषय बन्छ। तसर्थ हरेक प्रदेशमा र यस प्रदेशमा प्रदेशस्तरीय 'ऋत्भ्ख्' अर्थात् प्राविधिक शिक्षालय र प्रदेशस्तरीय शैक्षिक जनशक्ति तालिम केन्द्र स्थापना गरिनुपर्दछ। यी संस्थाहरू केन्द्रमा मात्र सीमित राखिएकैले हिजो दुःख भएको यथार्थ हो।

७) साँचो अर्थमा हामी सुसंस्कृत समाज चाहिरहेका छौं भने भाषा, कला, संस्कृतिको विकास अपरिहार्य छ र हामीसँग प्रदेशस्तरीय नै सही, प्रज्ञा प्रतिष्ठान आवश्यक छ। त्यस्तै ज्ञान, विज्ञान, खोज आदिको विकास विना एउटा समाज उन्नत तथा विकसित बन्नै सक्दैन। तसर्थ प्रदेशस्तरीय विज्ञान तथा प्रविधि प्रतिष्ठान, कृषि अनुसन्धान केन्द्रजस्ता संस्थाहरू केन्द्रमा झैं यहाँ पनि स्थापना गरिएमात्र हामी आधुनिकता र उन्नतितर्फ क्रमश: अगाडि बढ्न सक्छौं।

८) नेपालको इतिहासमा स्थानीय तह आफैले शिशुस्याहार केन्द्र, विद्यालय, कलेज, स्वास्थ्य केन्द्र सञ्चालन गरेर भक्तपुर नगरपालिका 'एक्लो वृहस्पति' त बन्यो तर झूटा भने सावित भएन, बरु देशलाई नै बाटो देखाउने काम भयो। चूक घोप्टेझैँ अँधेरीमा एउटा बत्ती बालेजस्तै भयो। एउटा सानो नगरपालिकाले वर्षमा ४-५ सयको हाराहारीमा इन्जिनियर, नर्स र डिग्री होल्डरहरू तयार गर्ने क्षमता राख्दछ भने अब प्रदेश सरकारको क्षमता देखाउने पालो हाम्रो हो।

९) हिजो ख्वपविश्वविद्यालयको अवधारणा प्रस्तुत गर्दा विरोध गर्ने, तैं चुप मैं चुप गुपचुप पार्नेहरू, राणा शासकहरूको विरासत थामेर सर्वसाधारणका छोराछोरीलाई उच्च शिक्षाको ढोका बन्द गर्ने शासक दलहरू र तिनका षड्यन्त्रकारी, पक्षपाती नेताहरू जनताले चिनेका छन्। अब त्यस्ता गल्ती नदोहोऱ्याउन र सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालनको निम्ति वातावरण निर्माणमा ध्यान दिइनु जरुरी छ।

१०) शिक्षा तथा स्वास्थ्य सहज पहुँचको विषय नबनेसम्म जनताले परिवर्तनको आभास पाउने छैनन्। द्रुत विकासको निम्ति व्यवहारिक पाइला भनेको शिक्षालाई उत्पादन श्रमसँग जोड्ने, विज्ञान तथा प्राविधिक शिक्षामा जोड दिने र शिक्षा-स्वास्थ्य नि:शुल्क बनाउने उपायतर्फ अग्रसर हुनु हो।

११) खेलकुद र खेल शिक्षा तथा नियमित तालिम कक्षा सञ्चालन आजको अनिवार्य आवश्यकता हो। तर विडम्बना प्रदेश सरकारसँग अलग्ग खेलकुद मन्त्रालय नै छैन। खेल क्षेत्रलाई नदेख्ने र प्राथमिकतामा नराख्ने सरकार स्वस्थ जनशक्ति र स्वस्थ युवाविरोधी हो। खेल जगतलाई देश रक्षासँग समेत जोडेर हेर्ने फराकिलो चिन्तनका साथ आवश्यक पाइला चाल्न ढिलाइ गर्नु अदूरदर्शिता ठहरिनेछ। प्रदेश आफैसँग व्यवस्थित तथा सुविधा सम्पन्न रङ्गशाला निर्माण गर्न ढिलाइ भए युवा पुस्तालाई हामी सम्हाल्न नसक्ने अवस्थामा पुग्नेछौं।

१२) पर्यटन उद्योग यो प्रदेशको मेरुदण्ड हो। पर्यटन प्रबर्द्धन हुने योजना तथा कार्यक्रमले आर्थिक विकासको ढोका खोल्छ। कला, संस्कृति तथा सम्पदाको संरक्षण आजको तड्कारो आवश्यकता हो भने प्राकृतिक सम्पदाहरूको जगेर्ना अर्को महत्त्वपूर्ण पक्ष हो। स्वच्छ, सफा, शान्त तथा संस्कारयुक्त वातावरण पर्यटनको निम्ति आरम्भ विन्दु मान्न सकिन्छ।

१३) २०७२ सालको भूकम्पले ढालेका ऐतिहासिक, सांस्कृतिक धरोहरहरूको पुन:निर्माणमा यसरी नै बेवास्ता गरिए, ढिलासुस्ती भए भावी पुस्ताले हामीलाई कहिल्यै माफी दिने छैन। अबको हाम्रो ध्यान पुन:निर्माण तथा जीर्णोद्धार कार्यतर्फ पठाउन विलम्ब गर्नु हुन्न।

१३) भूकम्प पीडितहरू अझै घरबारविहीन अवस्थामा छन्। यो स्थितिले हामीलाई बारम्बार गिज्याइ रहनेछ। तिनीहरूका समस्या ज्यूँका त्यूँ राखेर विकास र समृद्धिका भाषण दिनेलाई जनताले कसरी विश्वास गर्लान् ?

१४) व्यवस्थित सहरको विकास र ठूला-ठूला सहरभन्दा स-साना सहरहरूको निर्माण गरी अगाडि बढ्नु थप अस्तव्यस्तता ननिम्त्याउनु हो। हाम्रा सहरहरू हाम्रै लापरबाही, अदूरदर्शिताको कारण भोलि सामूहिक चिहान नबनून्।

१५) हाम्रो समाजमा ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दो छ। जुन समाजले योगदानको कदर गर्न जानेको छ, अनुभवलाई सम्पत्ति मान्दछ र अग्रजहरूको हृदयदेखि सम्मान गर्दछ, त्यो सभ्य, सुन्दर एवं सु-संस्कृत समाज कहलिन्छ। तसर्थ आदर निकेतनको स्थापनाले मात्र सभ्य समाजको हामी परिचय दिनसक्छौं नत्र भने हामी समाजमा कृतघ्नतालाई प्रश्रय दिइरहेका हुनेछौं।

१६) विगतमा हामीले धमाधम नगर घोषणा गऱ्यौं। उपचार पोखरी, फोहर सङ्कलन तथा प्रशोधन केन्द्रको अभावमा कसरी ती नगर आधुनिक नगर बन्न सम्भव हुन्छ ?प्रदेश सरकारसँग यसबारे निश्चित नीति, उद्देश्य तथा योजना हुनु आवश्यक छ।

१७) हामी त्यो देशका नागरिक हौं जुन देशका गाउँ-गाउँसम्म सरकार विदेशी रक्सी पुऱ्याउँछ तर खानेपानी पुऱ्याउँदैन, हात-हातमा मोबाइल पुऱ्याउँछ तर बालबालिकाको पाठ्यपुस्तक पुऱ्याउँदैन, जीवनजल र सिटामोल पुऱ्याउन उदासिनता देखाउँछ। प्रदेश सरकारको उपस्थिति सँगै अब यस्ता बेथितिको अन्त्य सदाको निम्ति हुनुपर्दछ। यो एक्काइसौं शताब्दीमा सरकारले पाठ्यपुस्तक उपलब्ध गर्न नसकेर एउटा बालकको भविष्य बर्बाद हुने स्थिति कायम रहनु लोकलाजको विषय निश्चय पनि हो। अचम्म त गुणस्तरीय शिक्षाको भाषण दिन हामी कति पनि सङ्कोच मान्दैनौं। पाखण्डीको सीमा हुन्न।

१८) मन्त्री, ठूला-बडाका घर-आँगनसम्म पीच सडक पुग्ने, सेवा-सुविधा पुग्ने तर सर्वसाधारणका बस्तीमा दशकौंसम्म निम्नत्तम आधारभूत वस्तु नपुग्ने परिपाटी अझै कायम छ। यो सामन्ती प्रथा, राणातन्त्रको प्रचलनको अन्त्य गर्ने उद्देश्यसहित विकास सबैले अनुभूत गर्न पाउने गरी नीति तय गर्न सके यो प्रदेशले जनताको मन जित्न सफल हुनेछ।

१९) पूँजीवादी व्यवस्थाको दोष भनेको प्रजातन्त्रको नाउँमा लूटतन्त्र मच्चाउने, भ्रष्टाचार गरी अर्थतन्त्र खोक्रो बनाउने हो। पूँजीवादी

क्रमश: पृष्ठ ३ मा

**मोदीको राजनैतिक .....**

लोकतन्त्रलाई मूर्खहरूले मूर्खहरूको निम्ति मूर्खहरूद्वारा हुने शासन व्यवस्था त्यतिकै जरुर भनिएको होइन। कमिसनखोरी, चुहावट, भागबण्डा, पक्षपात यसभित्रका महामारी हुन्। यी लगायत भ्रष्टाचार निमिट्यान्न पार्न नसकेसम्म विकास, परिवर्तन छिटो, छरितो र दीगो बन्न सम्भव हुँदैन। यस अर्थमा हाम्रो प्रदेश सरकारको परीक्षाको घडी सुरु भइसकेको छ।

२०) पूँजीवाद गरीबीको कारखाना हो। दुई-चारलाई धनी बनाउन असङ्ख्य तल्लो तहका जनताको रगत चुस्ने चरित्र पूँजीवादले बोकेको हुन्छ। ऊ अनेकौं झिलीमिली गर्छ। ऊ धाँकधक्कुमा रमाउँछ। आज देश त्यही दुर्दशामा फसिरहेको कसैबाट छिपेको छैन। अब वामपन्थको बाजामात्र बजाएर बस्ने होइन गरिबी, असमानताविरुद्ध कमसेकम वामेसर्ने तागत देखाउनुपर्छ तबमात्र जनतामा केही आशा पलाउनेछ।

२१) नेपाल र नेपाली जनताको दुर्दशा, गरिबी, पछौटेपनको प्रमुख कारण भारतीय एकाधिकार पूँजीको गुण्डागर्दी र यहाँका शासकहरूको निरीहता एवं लाचारी हो। हाम्रा प्राकृतिक स्रोत साधन आफ्नै हितमा उपयोग गरेर, स्वदेशमै रोजगारीको अवसर सृजना गर्न कृषि अर्थतन्त्रको विकास, आधुनिक खेती प्रणाली, प्रदेशस्तरीय औद्योगिक क्षेत्रको स्थापना एवं विकास गर्न अब सम्पूर्ण शक्ति लगाउन र परिचालन गर्न आवश्यक छ। भारतीय एकाधिकार तोड्न नसकेसम्म नेपाल र नेपाली जनता माथि उठ्न पाउने छैनन्। आफ्नै खुट्टामा उभिएर व्यवहारिक पाइला चाल्दै भारतीय एकाधिकार तोड्न सफल भएको दिनमात्र वास्तविक अर्थमा नेपाल स्वतन्त्र तथा स्वाधीन बन्नेछ।

यी सम्पूर्ण विषयमा सरकारको गम्भीर ध्यान जाओस् र बजेटको विनियोजनमा समेटियोस् भन्ने सभामुखमार्फत सरकारसमक्ष माग गर्दछु। यी संवेदनशील विषयमा उदासीन हुनु भनेको हाम्रो प्रदेशलाई सुस्त बनाउनु र तेजविहीन पारेर असफलतातर्फ डोऱ्याउनुसरह हुन्छ।

देशलाई सङ्घीयताको पहिलो उपहार यो प्रदेशले दिनसक्नुपर्छ। नेपाली जनतालाई सङ्घीयताको देन अनूभूत गराउने कार्यमा यो प्रदेशले अगुवाइ गर्ने आँट र बुद्धि देखाउने क्षमता राख्नुपर्छ। नत्र सङ्घीयता वाँदरको पुच्छर लौरो न हतियारझैं हुने खतरा देखिन्छ।

जाति, धर्म र राष्ट्रियताको आडमा शासन गर्न खोज्नु वडाराष्ट्र अहङ्कारवाद हो। वडाराष्ट्र अहङ्कारवाद विस्तारवादतिर उन्मुख छ।

रोमको गौरव फर्काउने मुसोलिनीको नारा हो र जर्मन जाति पवित्र आर्यको रगत हो र जसले अन्य राष्ट्रमाथि शासन गर्ने नैतिक अधिकार छ, अन्तर्राष्ट्रिय समाजवाद होइन 'राष्ट्रिय समाजवाद' को नाराले जर्मनी कामदार जनता विभाजित भयो, छिमेकी देशहरूमाथि हमला गर्दै सोभियत सङ्घसम्म पुग्यो हिटलर ! दोस्रो विश्वयुद्ध भयो - करोडौं करोड जनता मारिए, ठूलो भौतिक क्षति भयो, यूरोप र एसिया धुजा धुजा भयो।

आज भारतमा भाजपाको कट्टर हिन्दू राष्ट्र अहङ्कारवाद बढ्दो छ। मुसलमान, जैन, हिन्दू, शिख महिला आदि धर्म र दलित एवं अल्पसङ्ख्यक जनता तथा महिलामाथि पक्षपात बलात्कार र अत्याचार हुँदैछ। मोदी सरकारको नेपाल, बङ्गलादेश, श्रीलङ्का, माल्दिप आदि छिमेकी देशहरूमाथि हस्तक्षेप र शोषण बढ्दो छ। हिटलर र मुसोलिनी र मोदी एउटै लाममा छन्। हिटलर, मुसोलिनिको युवा दल र मोदीको अर्धसैनिक शिवसेनाको पोशाक र सलामी एउटै खालको छ। मोदीको राजनैतिक पथ र भाग्य पनि हिटलर र मुसोलिनिकै भाग्य र पथ हो।

हाम्रो देश र प्रदेशको सुन्दर भविष्य खोजिरहँदा यो वरपरको वास्तविक परिस्थिति बुझ्न नसके अन्धकारमा छामछाम छुमछुम गरेझैं हुनेछ किनभने छिमेकी नचिनी देश तथा प्रदेश बनाउन असम्भव त होइन कठिन भने जरुर हुन्छ। छिमेकी गतिलो भए घरमा ताला लगाउन पर्दैन भन्ने पुरानो नेपाली कहावत मनमा लिएर हिंड्न सके र सोही बमोजिम नीति कार्यान्वयन गरे हाम्रो प्रदेश, हाम्रो देश युग युगसम्म सार्वभौम भई बाँचिरहनेछ।

*(नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तथा प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले प्रदेशसभामा प्रस्तुत विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताको छलफलमा जेठ ४ गते भाग लिँदै व्यक्त गर्नुभएको विचारको सारसंक्षेप)*

# अपराधी सरकार कि सरकारी अपराधी ?

- अनिल सुवाल, व्यासी भक्तपुर

ज्यान मार्ने फौजदारी मुद्दाका दोषी बालकृष्ण ढुंगेल मंगलबार जेलमुक्त गरिएका छन्। 'असल चालचलन' को कानुनी चोरबाटो दुरुपयोग गरेर उनी रिहा भएका हुन्। ढुंगेल राजनीतिक संरक्षणका आधारमा जेलमुक्त भएको कुरा घाम जत्तिकै छर्लङ्ग छ। तेल के हेर्नु, तेलको धारा हेर्नु भन्ने उखानजस्तै अहिलेको सरकार कस्तो सरकार हो, बुझ्न यो घटना आफैमा मनग्य छ। यो सरकार 'वामपन्थी' को नक्कली खोलभित्र लुकेको अपराधीहरुको सरकार हो भन्ने कुरा ढुंगेलको रिहाईले प्रष्ट बनाएको छ।

गणतन्त्र दिवसको दिन अदालतले हत्यारा करार गरेको एक जना अपराधीलाई थुनामुक्त गरेर सरकारले हजारौं योद्धाको बलिदान र समर्पणबाट प्राप्त भएको गणतन्त्रको उच्चतामाथि खिल्ली उडाएको छ। ढुंगेलको मुद्दा राजनीतिक मुद्दा होइन। यो फौजदारी मुद्दा हो। द्वन्द्वकालमा भएका फौजदारी अपराध र जघन्य अपराधीलाई कानुनबमोजिम कारवाही गर्नु नै संक्रमणकालीन न्यायको ओज हो। तर आज ढुंगेलले राजनीतिक संरक्षण लिएको दल सरकारमा गएको मौका पारेर उनलाई उनले गरेको अपराधको पापबाट मुक्त गरिएको छ। सरकारले बालकृष्ण ढुंगेल दोषी थिएनन्, उनले कुनै अपराध गरेका थिएनन् भन्न हिम्मत गर्न सकेन, बरु आफू सत्तासीन भएको मौका पारेर 'कानुनी' दुलोबाट उनलाई कैदमुक्त गरेको छ।

ढुंगेलको मुद्दा यहाँसम्म पुऱ्याउन केही विदेशी शक्ति केन्द्र र गैरसरकारी संस्थाहरुले पनि भूमिका खेलेकोमा कुनै विवाद छैन। विभिन्न कालखण्डमा बालकृष्ण ढुंगेलको मुद्दालाई माओवादी इत्तरका राजनीतिक दलहरु तात्कालीन एमाले र काँग्रेसले आ-आफ्नो अनुकूलतामा प्रयोग गरेका हुन्। तर सम्मानित अदालतले ढुंगेललाई दोषी ठहर गरी जेल चलान गरिसकेको अवस्थामा उनलाई दोषमुक्त कसैले भन्न मिल्दैन। कसैले कुनै राजनीतिक परिवर्तनको लागि लड्दैमा उसले गरेका सबै गल्ती कमजोरी र अपराधलाई माफी दिनु तर्कसंगत होइन। ढुंगेल माओवादी कार्यकर्ता भएकाले उनी राजनीतिक आन्दोलनमा सहभागी बनेका हुनसक्छन्। तर त्यही कारणले उनले गरेका सबै अपराधलाई उन्मक्ति दिनु कानुनीशासनको उपहास हो।

तात्कालीन एमालेले आज एकीकृत पार्टीको नाममा आफूले पनि अपराधी भन्दै आएको व्यक्तिलाई जेलमुक्त गर्न भूमिका खेलेको छ। अर्थात् हिजो एमालेले माओवादीमाथि लगाएको दोषारोपण पानीमाथिको ओभानो बन्ने र जनताको आँखामा छारो फाल्ने खेल मात्र भएको पुष्टि भएको छ। आफूलाई 'वामपन्थी' भन्ने यो सरकारले यसप्रकार फौजदारी मुद्दाका दोषीलाई 'चालचलन असल भएको' भन्दै कैदमुक्त गरी वास्तवमा वामपन्थी शब्दकै बेइज्जत गरेको छ, अपमान गरेको छ।

राजनीतिक संरक्षण भए मान्छे मारे पनि कुनै पनि बेला असल आचरणको नाममा सजायमुक्त हुने नजीर यो घटनाले बसाल्नेछ।

ढुंगेलको मुद्दाबारे अदालतमा चालु बहस पैरवीसमेत बीचमा रोकेर कैदमुक्त गर्नुले सम्मानित न्यायपालिकाको प्रक्रियामाथि कार्यपालिकाले हस्तक्षेप गरेको छ। ढुंगेलको रिहाईले प्रष्टतः वर्तमान सरकारको जग के हो देखाएको छ। 'वामपन्थी' शब्दको दुरुपयोग गरी बनेको यो सरकार अपराधी र भ्रष्टाचारीको जगमा उभिएको ढुंगेलको रिहाईले प्रतिविम्बित गरेको छ।


# हार्दिक श्रद्धाञ्जली



स्व. दानमाया महर्जन

जन्मः वि.सं. २००२

स्वर्गारोहणः वि.सं. २०७५/०२/०९


यस विद्यालयका शिक्षक श्री फुर्सत महर्जनका ममतामयी माता **श्रीमती दानमाया महर्जन**को ७३ वर्षको उमेरमा मिति २०७५ जेठ ९ गते भएको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समेवदना व्यक्त गर्दछौं।

**श्री विश्व राष्ट्रिय माध्यमिक विद्यालय**

ढल्पा, कीर्तिपुर

# खुला विश्वविद्यालयमा विद्यार्थीको आकर्षण




१६ जेठ, काठमाडौं । पहिलो पटक खुलेको खुला विश्वविद्यालयमा विद्यार्थीको आकर्षण बढेको छ ।

नयाँ विषय र घरमा बसी पढ्न सकिने विश्वविद्यालयमा आकर्षण बढेको विश्वविद्यालका उपकुलति डा. लेखनाथ शर्माले जानकारी दिए । 'पैसा र समय भएर पनि नियमित रूपमा कलेज वा विश्वविद्यालयको कक्षामा जान नसक्ने र वर्षौंदेखि पढाई छुटेकाहरुले जुनसुकै स्थानबाट पढ्न सक्नेछन्', उनले भने ।

प्रविधिमा आधारित खुला एवं दूरशिक्षाको माध्यमबाट सो अध्यायन सिकाई पद्धतिद्वारा जीवनपर्यन्त शिक्षा प्राप्तिको अवसर र पहुँच सबैमा पुऱ्याउने उद्देश्यले स्थापना गरिएको उक्त विश्वविद्यालयले आफ्नो कार्यक्रमको सञ्चालन नेपालभित्र र बाहिर पनि गर्नसक्ने छ ।

सामाजिकशास्त्र, शिक्षा, व्यवस्थापन, कानून, विज्ञान, स्वास्थ्य र प्रविधि संकायमा पढाइ हुने विश्वविद्यालयमा अहिले पाँच विषयमा पठनपाठन सुरु गरिएको छ ।

विश्वविद्यालयले डेढवर्षीय पाठ्यक्रमअन्तर्गत सामाजिक विज्ञान र सूचना प्रविधिमा एमफिल, एकवर्षीय पाठ्यक्रमअन्तर्गत दूर तथा 'इ-लर्निङ'मा पोष्ट ग्र्याजुयट तथा पुस्तकालय र सूचनामा डिप्लोमा एवं दुईवर्षीय स्नातकोत्तर तहको इ-गभर्नेन्स विषयमा पढाइ सञ्चालन गरिएको छ ।

आइतबारदेखि सुरु गरिएको पढाइमा ४०६ विद्यार्थी छन् । प्रवेश परीक्षाका लागि आठ सय विद्यार्थीले फाराम भरेका थिए । इन्टरनेटका माध्यमबाट अध्ययन गराइने विश्वविद्यालयमा डिप्लोमा, पोष्ट ग्र्याजुएट, स्नातकोत्तर, एमफिल र विद्यावारिधिसम्मको अध्ययनअध्यापन हुनेछ ।

व्यवस्थापन र कानून संकाय, सामाजिकशास्त्र तथा शिक्षा संकायबाट साधारण विषयदेखि इञ्जिनीयरिङसम्मका विषय दूरशिक्षाबाट पढ्न पाइने र विज्ञान, स्वास्थ्य र प्रविधि संकायबाट प्राविधिक तथा व्यावसायिक सीपदेखि विज्ञान विषयको अध्ययन हुनेछ ।

शिक्षकले अनलाइन भिडियोबाट बिहान र साँझ कक्षा लिनेछन् । 'भिडियोमार्फत् शिक्षक र विद्यार्थीबीच प्रत्यक्ष अन्तरक्रिया भएको हुन्छ', उनले भने, 'कक्षामा शिक्षकसँग विद्यार्थीले नबुझेको कुरा सोध्न सक्छन् ।'

अध्ययनका लागि अध्ययन सामग्री सबै अनलाइनमा नै राखिएको हुन्छ । इ-लाइब्रेरीमा राखिएका अध्ययन सामग्रीलाई विद्यार्थीले पढ्नका लागि प्रयोग गर्न सक्ने उनले बताए ।

अनलाइनमा विद्यार्थीलाई १६ भागमा छुट्टाएर कक्षा सुरु गरिएको छ । 'विद्यार्थीलाई बेला बेलामा हामीले प्रत्यक्ष शिक्षकबाट समेत कक्षा दिनेछौं', उनले भने, 'त्यसले शिक्षक र विद्यार्थीबीच आत्मीयतासमेत बढाउनेछ ।'

सरकारले संघीय-संसद्बाट पारित भएको खुला विश्वविद्यालय विधेयक २०७३ असार ३० गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो । उपकुलपति डा. शर्माले वर्षमा फागुन र साउनमा दुई पटक अध्ययनका लागि भर्ना खोलिने जानकारी दिनुभयो । उहाँले दोस्रो चरणको भर्नामा नयाँ विषय थप गरिने योजना रहेको बताए ।

# भारतको स्वार्थ पुरा गर्न.....

दुवालले मार्क्सको ज्याला र मूल्यको सिद्धान्तबारे प्रशिक्षण दिनुभएको थियो ।

नेमकिपा काठमाडौं जिल्ला समितिका अध्यक्ष नारायण महर्जनको सभापतित्वमा भएको कार्यक्रममा जिल्ला समिति उपाध्यक्ष नरमान महर्जन र सदस्य राजवीर डंगोललगायतले बोल्नुभएको थियो ।

मार्क्स र मार्क्सवादबारे जनस्तरमा कार्यक्रम चालू

त्यस्तै विश्व सर्वहारा वर्गका महान् गुरू कार्ल मार्क्सको २०० औं जन्म दिवसको अवसरमा मार्क्स र मार्क्सवादबारे जनस्तरमा कार्यक्रम चालू छ । शनिबार मध्यपुर थिमि नगरपालिकामा आयोजित बृहत् भेलाका वक्ताहरूले मार्क्सको जीवनी, मार्क्सवाद र नेपालको परिवेशमा मार्क्सका विचारको प्रयोगबारे बोल्नुभएको थियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष तथा कम्युनिष्ट अगुवा नारायणमान बिजुक्छें (रोहित) ले श्रमजीवी जनताको दु:खको कारण शोषक वर्गबाट हुने शोषण भएको बताउनुभयो ।

मार्क्सवादी अर्थशास्त्रबारे चर्चा गर्दै उहाँले पूँजीपति वर्गले नाफा भन्ने कुरा वास्तवमा मजदुरमाथि शोषणको परिणाम भएको प्रस्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छेंले पुँजीवादी बन्दोबस्तमा पुँजीपति वर्गले नाफाको लागि वातावरण प्रदूषणको समेत पर्वाह नगर्ने धारणा राख्नुभयो ।

'मार्क्सले आफ्नो समयमै पुँजीवादी बन्दोबस्तले वातावरण प्रदूषण र आवासको समस्या आउने सत्य विश्लेषण गर्नुभएको थियो । आज नेपाली समाजले यो समस्या भोगिरहेको छ', अध्यक्ष रोहितले भन्नुभयो ।

उहाँले समाजमा परिवर्तनको जिम्मा नेताहरूको मात्र नहुने बरू जनता पनि परिवर्तनको लागि अघि सर्नुपर्ने धारणा राख्नुभयो ।

अध्यक्ष रोहितले मार्क्सलाई राजनीतिक र सामाजिक समस्याको उपचारकको संज्ञा दिनुभयो ।

विश्व क्रान्तिको चर्चा गर्दै उहाँले पेरिस कम्युनमा मजदुरहरूले गरेका गल्ती रूसको अक्टोबर क्रान्तिमा सच्याइएको र तात्कालीन सोभियत संघमा भएको गल्ती चिनियाँ क्रान्तिमा सुधार गरिएको बताउनुभयो ।

कामदार जनताको सरकार समाजवादी बन्दोबस्तमा मात्र आउने चर्चा गर्दै उहाँले नेपालका शासक वर्गभित्र को भारतीय र को अमेरिकी स्वार्थबाट निर्देशित भएको पहिल्याउन गाऱ्हो रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगरले मार्क्सको जीवनीबारे चर्चा गर्दै नेपालमा आफूलाई ठूला कम्युनिष्ट पार्टीका नेता भन्नेहरूले मार्क्सको नाम भजाएर आफ्नो दुनो सोभ्याइरहेको बताउनुभयो ।

उहाँले नेपाल कम्युनिष्ट पार्टी र नेपाली काङ्ग्रेसबीच सैद्धान्तिक र व्यवहारिकमा कुनै भिन्नता नभएको प्रस्ट पार्दै मार्क्सका विचार जनस्तरमा पुऱ्याउन शासक दलले नचाहेको बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तथा प्रदेश नं ३ का सभासद् सुरेन्द्रराज गोसाईले शासक दलले आफ्नो नाममा कम्युनिष्ट शब्द झुण्ड्याएर जनतालाई झुक्याइरहेको बताउनुभयो ।

नेमकिपाका अर्का वैकल्पिक केन्द्रीय सदस्य तथा प्रदेश नं ३ का सभासद् सृजना सैंजूले प्रदेश सभामा कथित कम्युनिष्ट पार्टीका सभासद्हरूले व्यापक कामदार जनताको पक्षमा कुनै पनि कार्यक्रम नल्याएको प्रस्ट पार्नुभयो ।

नेपाल प्राध्यापक समाजका केन्द्रीय सचिव सुजन माकले मार्क्सले लेख्नुभएको फ्रान्समा गृहयुद्ध पुस्तकबारे चर्चा गर्दै पेरिस कम्युनमा कम्युनार्डहरूले प्रदर्शन गरेको वीरताबाट संसारका मजदुरहरूले सिक्नुपर्ने बताउनुभयो ।

नेमकिपा मध्यपुर नगर समितिका अध्यक्ष सूर्यराम थाको सभापतित्वमा भएको कार्यक्रममा शिक्षक प्रकाश श्रेष्ठ र विद्यार्थी नीरज लवजूले पनि बोल्नुभएको थियो ।

# भावपूर्ण श्रद्धाञ्जली



**स्व. दानमाया महर्जन**

जन्म: वि.सं. २००२

स्वर्गारोहण: वि.सं. २०७५/०२/०९

**हाम्रा आदरणीय दाजु श्री फुर्सत महर्जन र आत्मीय मित्रहरु श्री हरेराम महर्जन र श्री बालगोपाल महर्जनका ममतामयी माता श्रीमती दानमाया महर्जनको २०७५ जेठ ९ गते बुधबारका दिन ७३ वर्षको उमेरमा स्वर्गारोहण भएको भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना एवं शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

साथीहरू:-

दिनेश कुमार महर्जन (क्वाचो)
निलकण्ठ महर्जन (गछें)
विष्णु महर्जन (देवढोका)
सुविन गोपाल प्रधान (लायकू)
लोकलाल महर्जन (गछें)
रवि तण्डुकार (लायकू)
सुजन गोपाल प्रधान (लायकू)
कमल कृष्ण प्रधान (लायकू)

# हे सरकार सपनाको व्यापार गर्न छोड

प्रदेश सरकार एकपछि अर्को कमजोरी देखाउँदैछ र गलत कार्यतर्फ उन्मूख छ। प्रदेशसभाका सदस्यहरुको बैंक खाता एभरेष्ट बैंकमा खोल्न लगाउने निर्णय गलत छ र यो अत्यन्त आपत्तिजनक छ। भारतको प्रत्यक्ष लगानी भएको तथा विदेशीको शाखा बैंकमा देशको अत्यन्त संवेदनशील निकायको खाता खोल्नु र कारोबार गर्नु भनेको देशको निम्ति घातक हुनेमा कुनै विवाद छैन। यो प्रश्न देशको सम्प्रभुता, प्रतिरक्षा एवं जनताको स्वाभिमानसँग समेत जोडिएको छ। 'राष्ट्रवादी' भनेर घमण्ड गर्नेहरुलाई यति कुराको हेक्का त पक्कै पनि हुनुपर्ने हो। यदि बुझेरै गरेको हो भने, सरकारलाई के कुराले बाध्य पार्‍यो ? देशघाती काममा यति बिध्न हतारो किन ? आफ्नो देशका बैंकहरु छोडेर विदेशी बैंकमा सरकार र जिम्मेवार पक्षहरुको खाता खोल्ने बुद्धि कहाँबाट कसरी आयो ? यसमा ठूलो लेनदेन र चलखेल भएको अनुमान जनता लगाउँदैछन् । जनताको सम्पत्ति समेत विदेशीको हातमा दिनु र गुप्त राख्नैपर्ने विषय समेत विदेशीलाई सुम्पनु हरेक हिसाबले गलत छ र यो सच्याएर तुरुन्तै नेपाल बैंकमार्फत् कारोवार अगाडि बढाउन माग गर्दछु । पूँजीवादी व्यवस्थामा बैंकहरु भनेको स्नायु केन्द्र हुने संवेदनशील पक्ष पुनः स्मरण गराउन चाहन्छु ।

वर्तमान संघीय सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भयो। प्रदेशसँग जोडिएका विषयहरु पनि उल्लेख छन् । समृद्धिका ठूल्ठूला कुराहरु सुनेर जनता पेट मिचि-मिचि हाँसिरहेका छन् ।

यदि हिलाम्मे, धुलाम्मे सडक भएर समृद्धि आउँछ भने त्यो समृद्धि हामीलाई अस्वीकार्य छ र त्यो नक्कली हो । यदि कोलाहल, चित्कार, आर्तनादबीच समृद्धि फल्छ-फुल्छ भनिन्छ भने त्यसमा हाम्रो गम्भीर असहमति छ। यदि सार्वभौमिकता कमजोर बनाएर समृद्धि ल्याइन्छ भने हामी धिक्काछौं यदि ब्रम्हलूट, भागवण्डा, पक्षपातको बाजा बजाउँदै समृद्धिको नाच नाचिन्छ भने हाम्रो तिरष्कार र बहिष्कार हुनेछ ।

नेपाल मजदुर किसान पार्टीको तर्फबाट र प्रदेशवासी सचेत जनताको तर्फबाट प्रदेश सरकार र संघीय सरकारलाई एउटा हाँक दिन चाहन्छु। राजधानी देशकै मुटु हो र अन्तर्राष्ट्रिय जगतको पहिलो ध्यान राजधानीमै जान्छ । तसर्थ यो पाँच वर्षभित्र धेरै ठूला-ठूला काम त परै जाओस् काठमाडौंको सवारी जाममात्र हटाउन सके राजधानी शहरको इज्जत जोगिनेछ, जनजीवन तुलनात्मक रुपमा सहज बन्नेछ र श्रम र सृजनामा खर्चनुपर्ने जनताको समयको ठूलो बर्बादी रोकिनेछ। सडकका खाल्डाखुल्डी पुर्ने, सडकको दीगो स्तरोन्नति गर्ने, ट्राफिक जनचेतनाको अभिबृद्धि गर्ने, सडकपेटी व्यवस्थित गर्ने जस्ता स-साना तर व्यावहारिक काममा विशेष ध्यान पठाए हामी स्याबासी दिनेछौं र जनता आभारी हुने थिए। सरकारको ध्यान नपुगेकै कारण सडक अस्तव्यस्त छ र सडकमा अनुशासनहीनता तथा अराजकताले सीमा नाध्दैछ। दैनिक दर्जनौं मानिस अकाल मृत्यूवरण गर्दैछन् या घाइते भइरहेका छन्। यी सडक दूर्घटना र अकल्पनीय क्षतिको नैतिक जिम्मेवारी सरकार र सम्बन्धित मन्त्रीले लिनुपर्छ ।

काठमाडौं र मुख्य मुख्य शहरमा मान्छे भन्दा मोटर बढी हुन थालेको अनुभव भइरहेको छ । सवारी साधनको अनियन्त्रित आयात एवं बिक्रीमाथि रोक लगाएर जनतालाई नियमित एवं भरपर्दो सार्वजनिक यातायातको बन्दोवस्त गर्न आवश्यक छ । सार्वजनिक बस सेवा सुचारु गर्न र सरकार आफैले त्यसको जिम्मेवारी बहन गर्न ढिलाइ गर्नु हुन्न। यसो गरिए मात्र हाम्रो सेवा वास्तविक जनतासम्म पुगेको सावित हुनेछ र जनताले राहतको अनुभव गर्नेछन् ।

जनता आज प्रश्न तेर्स्याइरहेका छन् । काठमाडौंका सडकका खाल्डाखुल्डी नदेख्ने सरकारबाट अरु बढ्ता अपेक्षा के गर्ने ? सरकारका मन्त्रीहरुको आँखा नभएको हो या सडक निर्माण कम्पनीका ठेकेदारहरुको, जनताबीच यी सवाल उठिरहेका छन्। तसर्थ आकाश पाताल जोड्ने कुराभन्दा जनताको जीवनसँग जोडिएका समस्या समाधान गर्ने र दुःख, पीडा कम गर्ने व्यवहारपरक पाइला चाल्ने सरकारको बुद्धि खुलोस्, कामना छ । अन्यथा यो देश संसारमै अत्यधिक सडक दूर्घटना, हवाई दूर्घटना हुने र त्यसैको कारण अत्यधिक मान्छेको काल जाने देश भनी संसारभर अझ बद्नाम हुनेछ ।

सरकारको समृद्धिका लामा-लामा भाषण सुन्दा काकाकूल सहर तथा वस्तीहरुको याद जोकसैलाई आउनु स्वाभाविक छ । यतिखेर जनताबीचबाटै आवाज आइरहेको छ - हे सरकार, सपनाको व्यापार गर्न छोड, स्वप्नील संसारमा हराएको एक जोडी पागलप्रेमीको रोमान्टिक पुर्नमिलन र एकताको लामो पूर्णाङ्की नाटक अब बन्द गर । बरु जनतालाई पानी खुवाऊ। यो जनताको हृदयको आवाज र नेपाली दिदीबहिनीहरुको चित्कार हो । सरकार र मन्त्रीहरुको यदि ढुंगाको मुटु होइन भने कमसेकम जनताको लागि खानेपानीको बन्दोबस्त गर्न शीघ्र अगुवाइ होस् ।

मन्त्री, नेता तथा राजनीतिक कार्यकर्ताप्रति जनताको विश्वास मर्दै जानुको एउटा कारण कुरा ठूला-ठूला गर्ने तर सिन्को नभाँच्ने प्रवृत्ति हो । तसर्थ यदि हामी हाम्रो गुम्दै गइरहेको इज्जत, प्रतिष्ठा जोगाउन चाहन्छौं भने आ-आफ्ना स्वार्थ त्यागेर जनजीवन र जनजीविका पहिलो प्राथमिकताको विषय बनाऔं ।

सरकारको सय दिनबारे जनताका टिकाटिप्पणीहरु आइरहेका छन् । सरकार सुस्त, गतिहीन र कुहिरोमा हराएको कागझैं भएको जनता अनुभव गर्दैछन् । सरकारको अलमल, अस्पष्टता, असमक्षताका सय दिन '...देख्नेलाई लाज' झैं भएको छ । औपचारिकतामा सीमित सय दिन उपलब्धिशून्य रह्यो । प्रदेश सरकार र संघीय सरकार 'हांसको चाल न बकुलाको चाल' को स्थितिमा छ ।

*(नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तथा प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले जेठ १३ गतेको प्रदेशसभा बैठकमा राख्नुभएको विचारको सारसंक्षेप)*

## "FIFA World Cup Russia - 2018"

DPN

| S.N. | Date | Nep. Time | Country | | | Group |
|---|---|---|---|---|---|---|
| 1 | 2075.02.31 | 20.45 | Russia | vs | Saudi Arabia | A |
| 2 | 2075.03.01 | 17.45 | Egypt | vs | Uruguay | A |
| 3 | 2075.03.01 | 20.45 | Morocco | vs | Iran | B |
| 4 | 2075.03.01 | 23.45 | Portugal | vs | Spain | B |
| 5 | 2075.03.02 | 15.45 | France | vs | Australia | C |
| 6 | 2075.03.02 | 21.45 | Argentina | vs | Iceland | D |
| 7 | 2075.03.02 | 18.45 | Peru | vs | Denmark | C |
| 8 | 2075.03.03 | 12.45 | Croatia | vs | Nigeria | D |
| 9 | 2075.03.03 | 17.45 | Costa Rica | vs | Serbia | E |
| 10 | 2075.03.03 | 20.45 | Germany | vs | Mexico | F |
| 11 | 2075.03.03 | 23.45 | Brazil | vs | Switzerland | E |
| 12 | 2075.03.04 | 17.45 | Sweden | vs | South Korea | F |
| 13 | 2075.03.04 | 20.45 | Belgium | vs | Panama | G |
| 14 | 2075.03.04 | 23.45 | Tunisia | vs | England | G |
| 15 | 2075.03.05 | 17.45 | Colombia | vs | Japan | H |
| 16 | 2075.03.05 | 20.45 | Poland | vs | Senegal | H |
| 17 | 2075.03.05 | 23.45 | Russia | vs | Egypt | A |
| 18 | 2075.03.06 | 17.45 | Portugal | vs | Morocco | B |
| 19 | 2075.03.06 | 20.45 | Uruguay | vs | Saudi Arabia | A |
| 20 | 2075.03.06 | 23.45 | Iran | vs | Spain | B |
| 21 | 2075.03.07 | 17.45 | Denmark | vs | Australia | C |
| 22 | 2075.03.07 | 20.45 | France | vs | Peru | C |
| 23 | 2075.03.07 | 23.45 | Argentina | vs | Croatia | D |
| 24 | 2075.03.08 | 17.45 | Brazil | vs | Costa Rica | E |
| 25 | 2075.03.08 | 20.45 | Nigeria | vs | Iceland | D |
| 26 | 2075.03.08 | 23.45 | Serbia | vs | Switzerland | E |
| 27 | 2075.03.09 | 17.45 | Belgium | vs | Tunisia | G |
| 28 | 2075.03.09 | 20.45 | South Korea | vs | Mexico | F |
| 29 | 2075.03.09 | 23.45 | Germany | vs | Sweden | F |
| 30 | 2075.03.10 | 17.45 | England | vs | Panama | G |
| 31 | 2075.03.10 | 20.45 | Japan | vs | Senegal | H |
| 32 | 2075.03.10 | 23.45 | Poland | vs | Colombia | H |
| 33 | 2075.03.11 | 19.45 | Uruguay | vs | Russia | A |
| 34 | 2075.03.11 | 19.45 | Saudi Arabia | vs | Egypt | A |
| 35 | 2075.03.11 | 23.45 | Iran | vs | Portugal | B |
| 36 | 2075.03.11 | 23.45 | Spain | vs | Morocco | B |
| 37 | 2075.03.12 | 19.45 | Denmark | vs | France | C |
| 38 | 2075.03.12 | 19.45 | Australia | vs | Peru | C |
| 39 | 2075.03.12 | 23.45 | Nigeria | vs | Argentina | D |
| 40 | 2075.03.12 | 23.45 | Iceland | vs | Croatia | D |
| 41 | 2075.03.13 | 17.45 | Mexico | vs | Sweden | F |
| 42 | 2075.03.13 | 19.45 | South Korea | vs | Germany | F |
| 43 | 2075.03.13 | 23.45 | Serbia | vs | Brazil | E |
| 44 | 2075.03.13 | 23.45 | Switzerland | vs | Costa Rica | E |
| 45 | 2075.03.14 | 19.45 | Japan | vs | Poland | H |
| 46 | 2075.03.14 | 19.45 | Senegal | vs | Colombia | H |
| 47 | 2075.03.14 | 22.45 | Panama | vs | Tunisia | G |
| 48 | 2075.03.14 | 23.45 | England | vs | Belgium | G |

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट कर्जा लिएकोमा म्याद समाप्त भई हालसम्म पनि कर्जा चुक्ता नगरेको हूँदा ३५ दिने म्याद जारी गरी उक्त कर्जाको साँवा, व्याज लगायत अन्य दै दस्तुर रकम समेत तिरी बुझाई कर्जा चुक्ता गर्न/गराउने सम्बन्धी ऋणी र व्यक्तिगत जमानी लेखिदिने समेतलाई यसै सुचनाद्वारा जानकारी गराइन्छ । उक्त म्यादमा पनि कर्जा रकम चुक्ता नभएमा सहकारी ऐन बमोजिम सम्बन्धित ऋणीको फोटो सहितको तीनपुस्ते विवरण प्रकाशित गरी कालो सूचिमा समावेश गर्नेतर्फ कारवाही हुने हुँदा यथाशिघ्र सहकारी संस्थामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । अन्यथा सहकारी संस्थाको नियमानुसार कारवाही गर्न बाध्य हुने जानकारीको लागि अनुरोध गरिन्छ ।

| क्र.सं. | कर्जा नं. | ऋणीको नाम थर | ठेगाना |
|---|---|---|---|
| १ | ७३-१००१८-६ | कृष्ण मान डंगोल | कीर्तिपुर न. पा. -२, गछें |
| २ | ७३-१००५४-८ | प्रबिण महर्जन | कीर्तिपुर न. पा. -२, देबढोका |
| ३ | ७३-१०५५८-९ | लक्ष्मी भक्त महर्जन | कीर्तिपुर न. पा. -२, देबढोका |
| ४ | ७३-१०९७६-९ | बुद्ध महर्जन | कीर्तिपुर न. पा. -९, खासीबजार |

**कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.**

नयाँबजार, कीर्तिपुर, फोन नं. ४३३०६०९

KIPU SCIENTIFIC TRADERS
(SCIENCE & SURGICAL HOUSE)
Kirtipur Branch, Nayabazar
Head Office: Tripureshwor, Ph. No.: 014252365
Email: shankarmaharjan39@gmail.com, Mob. No.: 9851007840, 9841301590

अब कीर्तिपुरमा



हाम्रो सेवाहरू:
१) SCIENCE LAB को लागि चाहिने सम्पूर्ण सामानहरू
२) HOSPITAL, CLINIC, PATHOLOGY LAB का साथै SURGICAL सम्बन्धि सम्पूर्ण सामानहरू
३) तितेपाती (ARTEMESIA) तेलका साथै विभिन्न जडिबुतीका तेलहरू
४) बैज्ञानिक अनुसन्धान, शैक्षिक प्रयोगशालाका ग्लास, उपकरणहरू डिजाइनिङ्ग, उत्पादन तथा मर्मत
५) MATH LAB को लागि चाहिने आवश्यक सामानहरू

स्थान : शहीद स्मारक कलेज जाने बाटो
कीर्तिपुर गेटसँगै, नयाँबजार
सम्पर्क नं. : ९८५१००७८४०, ९८४१३०१५९०
त्रिपुरेश्वर शोरूम : ०१-४२५२३६५

Deals in: Lab Chemicals, Glassware, Apparatus, Surgical, Veterinary, Agriculture, Research, Industries, School, Campus, Hospital Equipments etc.

